# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

## आ.ब ०७२/७३ को तेस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

### वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ३१,४३३,४४३,१५२ | २९,३९८,४६५,८१८ | २३,५९२,९५४,७९६ |
| १.१ | चुक्ता पूँजी | १,७३४,०००,००० | १,७३४,०००,००० | १,०८३,७५०,००० |
| १.२ | जगेडा तथा कोष | ७२८,७५७,५६२ | ६३४,४४६,६४३ | ९००,९६८,४३९ |
| १.३ | जीवन बीमा कोष | २८,८३६,३९३,७४० | २६,८९५,७२७,३२६ | २१,५२५,९७३,५०८ |
| १.४ | महाविपत्ती कोष जगेडा | १३४,२९१,८४९ | १३४,२९१,८४९ | ८२,२६२,८४८ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ३१,४३३,४४३,१५२ | २९,३९८,४६५,८१८ | २३,५९२,९५४,७९६ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३२६,९८६,११८ | ३२७,६३१,६२२ | ३२४,३०४,४३२ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | २२,०९८,३६८,२४२ | १५,४०६,१३६,७८९ | १६,३२४,९६५,२६७ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ३,२९०,२६०,३५१ | २,८३६,१७४,४६४ | १,९१३,८८४,९८७ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ५,७०५,६५०,४५८ | १०,८१६,३४४,९६० | ५,००९,९९६,२१४ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १२,१७७,९८२ | १२,१७७,९८२ | १९,८०३,८९५ |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ६,९७६,६५४,०५८ | १२,०२९,४३८,४८० | ६,१६१,५०४,७६० |
| ३.१ | नगद तथा बैंक मौज्दात | ११५,२९५,४१३ | १८३,९७१,०३८ | ९५,४०९,७६० |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ४,६९२,६१०,०७७ | ९,८१४,९३३,५०८ | ४,६७५,०६६,४८१ |
| ३.३ | अन्य सम्पत्ति | २,१६८,७४८,५६८ | २,०३०,५३३,९३४ | १,३९१,०२८,५१९ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | १,२७१,००३,६०० | १,२१३,०९३,५२० | १,१५१,५०८,५४६ |
| ४.१ | चालु दायित्व | ४७९,६६३,३४५ | ४०९,४३३,८४५ | ३६८,०९५,७७३ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ३१७,७८९,१८२ | ३१७,७८९,१८२ | ३९६,८५५,०३४ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २४६,१८२,४३८ | २२८,२२९,१५४ | १००,३११,८८२ |
| ४.४ | अन्य व्यवस्था | २२७,३६८,६३५ | २५७,६४१,३३९ | २८६,२४५,८५७ |
| | **नाफा-नोक्सान हिसाब** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ३३०,४७२,३४२ | २३७,४९२,१३२ | २८५,५४७,०५६ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | २०५,७६५,६८७ | १६१,९२६,१५४ | २१५,३३४,३४५ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ११५,०६६,६१८ | ७५,५६५,९७८ | ७०,२१२,७११ |
| १.४ | व्यवस्था फिर्ता | ९,६४०,०३७ | – | – |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ९२,४३८,८७८ | ९३,७६९,५८७ | १६६,८०७,५०० |
| २.१ | व्यवस्थापन खर्च | ४४,१४९,१९३ | २८,९१५,७६४ | ४५,०९३,७५५ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | १२,९७६,२४० | ४३,२३१,९७९ | १०७,८९१,९०९ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | २४,८४४,८९४ | १५,०६१,५६१ | १२,०५१,०३६ |
| २.७ | आयकर | १०,४६८,५५१ | ६,५६०,२८३ | १,७७०,८०० |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | २३८,०३३,४६४ | १४३,७२२,५४५ | ११८,७३९,५५६ |
| | **एकिकृत आय-व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | ८,५२०,५७०,२९७ | ५,७१९,७३४,९१३ | ६,९८२,८८२,१५८ |
| १.१ | बीमाशुल्क (खुद) | ६,२३१,८३०,७३२ | ४,०७३,३७९,६२१ | ५,३४०,२०४,०९१ |
| १.२ | पुनर्बीमा कमिशन आय | – | – | १२,८५०,८९० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | १,४५४,७८०,०३१ | ९०९,९४७,८२१ | १,०२०,४८१,१२५ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | २१३,४१२,४४३ | १३४,६०८,४४२ | १४२,३१७,९४५ |
| १.५ | अन्य प्रत्यक्ष आय | ४९,७५८,७८४ | ३१,०१०,७२२ | ३१,२९८,३४४ |
| १.६ | यस वर्षको सुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १७३,५५१,८३० | १७३,५५१,८३० | ७८,३८८,२६३ |
| १.७ | यस वर्षको सुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३९७,२३६,४७७ | ३९७,२३६,४७७ | ३५७,३४१,५०० |
| २ | ब्यय (२.१ देखि २.१० सम्म) | २,७६९,४२१,६४० | १,९५३,०९२,२०३ | २,२८४,४८३,९१४ |
| २.१ | दाबी भुक्तानी (खुद) | ८८३,२०१,६२६ | ५५४,३५२,३८८ | ६४७,९०३,२८२ |
| २.२ | अभिकर्ता कमिशन | ७०२,७१९,७६७ | ४५८,६८४,१९३ | ६३१,५४२,८६४ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | २,८८०,०८३ | १,६९५,३६३ | ५,१९०,३७६ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | ६२,३१८,३०७ | ४०,७३३,७९६ | ५३,४०२,०४१ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ८९२,७७० | – | – |
| २.७ | व्यवस्थापन खर्च | ३९७,३४२,७३४ | २६०,२४१,८७६ | ४०५,८४३,७९९ |
| २.८ | आयकर | १५६,०९४,७३३ | ९१,३६६,२५१ | ४३,४३४,६३६ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत | २४६,१८२,४३८ | २२८,२२९,१५४ | १००,३११,८८२ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | ३१७,७८९,१८२ | ३१७,७८९,१८२ | ३९६,८५५,०३४ |
| ३ | बचत (१-२) | ५,७५१,१४८,६५७ | ३,७६६,६४२,७१० | ४,६९८,३९८,२४४ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ५,५४५,३८२,९७० | ३,६०४,७१६,५५६ | ४,४८३,०६३,८९९ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | २०५,७६५,६८७ | १६१,९२६,१५४ | २१५,३३४,३४५ |
| | **अन्य विवरण** | | | |
| १. | कुल बीमाशुल्क आर्जन रकम (रू. हजारमा) (हाल सम्म) | ३६,२५७,५८५ | ३४,०३३,०७५ | २५,४१६,९६३ |
| | कुल बीमाशुल्क आर्जन रकम (रू. हजारमा) (यस आ.व.) | ६,३५६,६८७ | ४,१३२,१७७ | ३,६०८,४७६ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,००८,७७० | १,०२१,३२४ | ९८५,५९६ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७१-७२ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु.८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७२-७३ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/-सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ८८३,२०२ | ५५४,२८० | ४३६,३०७ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | १४,०४७ | ८,७९८ | ९,०२४ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | २४६,१८२ | २२८,२२९ | ९१,६०४ |

दृष्टव्य:

१) वित्तिय विवरणमा आ.व. २०७२/७३ को बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

२) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७२/०७३ को तेस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) वित्तिय विवरण:

क) तेस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७३/०१/२८ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरु :

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १८.३० | प्रति शेयर नेटवर्थ : १४९.७७ | पि.ई. अनुपात : १९६.६९ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : २२३.०७ | औसत प्रतिफल दर : ८.६६ |


*उपरोक्त वित्तिय अनुपातहरुमा आ.व ०७२/७३ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।


कम्पनीले गत बर्ष यसै अवधिको तुलनामा नाफा शत प्रतिशत बृद्धि हासिल गर्न सफल भएकोमा जस अनुसार यस त्रैमासिक अवधिसम्म रु.२३.८० करोड नाफा रहेको छ । सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. ५५४.५४ करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.२,८८३.६४ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:

क) कम्पनीको तेस्रो त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.६३५.६७ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. ५४५.५२ करोडको तुलनामा १६.५३ प्रतिशतले बृद्धी भएको हो । देशमा भुकम्प तथा नाकाबन्दी लगायत विविध विषम परिस्थितिको वावजुद पनि कम्पनीले अङ्गिकार गरेको समयानुकुल बजार प्रवर्द्धन रणनीति तथा बढ्दो जनचेतनाका कारण व्यवसाय बृद्धिमा सकारात्मक योगदान मिलेको छ ।


कम्पनीले यस तेस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. ९५.५८ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ । कम्पनीको कुल आम्दानी उत्साहजनक रही तरलताको स्थिति सन्तोषजनक रहेको छ । कम्पनीले तेस्रो त्रैमासिक अवधिसम्ममा रु. ३०.०८ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. २२.९१ अर्व मा ३१.२९ प्रतिशतको बृद्धी हो । विधमान वजारमा लगानीको प्रतिफल अति न्युन हुदै गई रहेको अवस्थामा पनि कम्पनीले विगतका बर्षहरुमा उच्च ब्याज दरमा दिर्घकालिन लगानी गरेको कारण तथा विभिन्न पब्लिक लिमिटेड कम्पनीको शेयरमा गरेको लगानीबाट प्राप्त उत्तम प्रतिफलका कारण यस आ.व. २०७२/७३ को औसत प्रतिफल समेत उत्साहजनक रहेको छ ।




* आ.व. २०७२/७३ मा तेस्रो त्रैमासिक अवधिसम्मको मात्र कुल लगानी तथा जीवन वीमाकोष उल्लेख गरीएको छ ।




कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त प्रथम वीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।

ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण: क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं। ख) त्रैमासिक अवधिको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु ४,१८२ | न्यूनतम मूल्य : रु ३,०३९ | अन्तिम मूल्य : रु ३,६०० | कारोबार संख्या : ३,६३,३८७ कित्ता | कारोबार दिन : ५६ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ । जीवन वीमा क्षेत्रको विस्तारित बजारका वावजुद विनाशकारी भुकम्प तथा नाकाबन्दी लगायतका कारणहरुले सर्वसाधारणको कय शक्ति न्यून भएको तथा सीमित क्षेत्रमा केन्द्रित तीव्र प्रतिस्पर्धाले केही चुनौतीहरु सृजना गरेका छन् । अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यद्दपी वीमा समितिवाट हालै जारी लगानी नीतिले लगानी विविधिकरणमा सुधार पुर्‍याउने देखिन्छ । कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ । कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

८) नियम २२ (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण: नभएको ।


रजिष्टर्ड कार्यालयः मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालयः हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np


किनकि जीवन अमूल्य छ...